# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १९५, वर्ष ६, २०८१ जेष्ठ २०, June 2, 2024 आइतबार





धुल्लुबास्कोट स्वास्थ चौकि, बाग्लुङ्गको आयोजनामा बरेङ गाउँपालिका वडा नं १ बरेङ खोप केन्द्रमा राष्ट्रिय खोप अभियान आई.पि.भि अन्तर्गतको खोप कार्यक्रम संचालन भएको छ।



धवलागिरि गाउँपालिका, म्याग्दीको आयोजनामा मुदि स्वास्थ्य चौकीमा महिला समुदायिक स्वास्थ्य स्वयम् सेविकाहरुलाइ MMDP (हाती पाइले) सम्बन्धि १ दिने अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ।




राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र, काठमाडौंको आयोजनामा Field Epidemiology Training Program Review & Provincial Coordination Workshop सञ्चालन भएको छ।




न्यूनतम सेवा मापदण्ड अन्तर्गत गोरखा अस्पताल व्यवस्थापन समितिका पदाधिकारीहरूलाई अभिमुखीकरण कार्यक्रम सहजकर्ता स्वास्थ्य कार्यालय गोरखाका ज.स्व.नि. नानी बाबु दानीको सहजिकरणमा सम्पन्न भएको छ।

**योग किन गर्ने :**

- मन र शरीर तथा विचार र कार्यको एकतालाई मूर्त रूप दिन ।
- दैनिक जीवनमा सन्तुलित मनोवृत्ति कायम राख्न ।
- रोग प्रतिरोधात्मक क्षमता सुधार गर्न ।
- मुटुरोग, मधुमेह, क्यान्सर जस्ता नसर्ने रोगहरुको जोखिम कम गर्न ।
- मानसिक तनाव कम गर्न ।

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १९५, वर्ष ६, २०८१ जेष्ठ २०, June 2, 2024 आइतबार




धौलागिरी अस्पताल, बाग्लुङको आयोजना र काठेखोला गाउँपालिका बाग्लुङको व्यवस्थापनमा काठेखोला गाउँपालिका वडा नम्बर २ अक्षतेमा पाठेघर तथा आङ खसेका महिलाहरूको निःशुल्क स्वास्थ्य शिविर सम्पन्न भएको छ। उक्त शिविरमा ६४ जना महिलाको स्वास्थ्य परीक्षण गरिएको थियो जसमा ४ जना महिलालाई धौलागिरी अस्पताल बाग्लुङमा सल्यक्रियाको लागि रिफर गरिएको छ। शिविरमा प्रमुख कन्सल्टेन्ट गाइनोकोलोजिस्ट डाक्टर श्री रेखा पौडेल, कन्सल्टेन्ट गाइनोकोलोजिस्ट डाक्टर विजय ओझा, consultant जनरल सर्जन डाक्टर दिपेन्द्र शर्मा, कन्सल्टेन्ट एनेस्थेसियोलोजिस्ट डाक्टर अमित ढुङ्गाना, वरिष्ठ अस्पताल नर्सिङ निरीक्षक देवी भट्टराई, हेल्थ असिस्टेन्ट कमल ओली फार्मेसी सहायक दिपेन्द्र पुन, अस्पताल नर्सिङ निरीक्षक रोबिना शाक्य नर्सिङ स्टाफ राधिका के.सी., सरिता गुरूङ लगायतको टोलीले स्वास्थ्य परिक्षण गरेको थियो। कार्यक्रम जिल्ला समन्वय समितिका प्रमुख अमरबहादुर थापाको प्रमुख आतिथ्यता, धौलागिरी अस्पताल व्यवस्थापन समितिका अध्यक्ष नारायण प्रसाद शर्मा पौडेलको अध्यक्ष्यतामा सम्पन्न भएको थियो। काठेखोला गाउपालिकाका अध्यक्ष राजु थापाले शिविरको सफलताको शुभकामना व्यक्त गर्नुभएको थियो। कार्यक्रममा अस्पताल व्यवस्थापन समितिका सदस्य लक्ष्मी देवी जिसी र धनमाया शर्माको उपस्थिति रहेको थियो।



स्वास्थ्य कार्यालय, बागलुङको आयोजनामा ताराखोला गाउपालिका तथा गलकोट नगरपालिकामा तहाँ स्वास्थ्य संस्थामा कार्यरत नर्सिङ कर्मचारीहरुको सहभागितामा मातृ तथा पेरिनेटल मृत्यु निगरानी बिषयक १ दिने अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ।



अन्नपूर्ण गाऊँपालिका, म्याग्दीका स्वास्थ्यकर्मीहरुले गलकोट नगरपालिका, बाग्लुङ्ग अन्तर्गतको काँडेबास स्वास्थ्य चौकीको अवलोकन भ्रमण सम्पन्न भएको छ।

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १९५, वर्ष ६, २०८१ जेष्ठ २०, June 2, 2024 आइतबार




स्वास्थ्य कार्यालय, म्याग्दीको आयोजनामा हातिपाइले रोगीहरूको नक्सांकन सर्भे कार्यक्रम सम्बन्धी स्वयंसेबिकहारूलाई अभिमुखीकरण सम्पन्न भएको छ।




काठमाडौं महानगरपालिकाले आगामी आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रम तर्जुमाका लागि जनप्रतिनिधि, नेपाल सरकारका बहालवाला तथा पुर्व सचिवहरु, विज्ञ, तथा निजि क्षेत्रका प्रतिनिधिहरुको सहभागितामा नीति सम्वाद कार्यक्रम सम्पन्न गरेको छ।




बडिगाड गाउँपालिका, बाग्लुङ्गको वडा १ ऋिशिदपुर प्रा.बि.मा राष्ट्रिय खोप अभियान आई.पि.भि अन्तर्गतको खोप कार्यक्रम संचालन भएको छ।




महाशिला गाउँ पालिका, पर्बतको आयोजनामा अध्यक्ष इश्वरी प्रसाद भुसालको प्रमुख आतिथ्यतामा लुँखु देउराली, पर्वतमा राष्ट्रिय खोप अभियान आई.पि.भि अन्तर्गतको खोप कार्यक्रम संचालन भएको छ।

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १९५, वर्ष ६, २०८१ जेष्ठ २०, June 2, 2024 आइतबार




श्रीकृष्णगण्डकी स्वास्थ्य चौकी, स्याङ्जाको आयोजनामा राष्ट्रिय खोप अभियान आई.पि.भि अन्तर्गतको खोप कार्यक्रम संचालन भएको छ।



नारायणस्थान स्वास्थ्य चौकी, बाग्लुङको आयोजनामा श्री जनता माध्यमिक विद्यालय, बाग्लुङमा राष्ट्रिय खोप अभियान आई.पि.भि अन्तर्गतको खोप कार्यक्रम संचालन भएको छ।







विहादी गाउँपालिका, पर्बतको आयोजनामा राष्ट्रिय खोप अभियान आई.पि.भि अन्तर्गतको खोप कार्यक्रम संचालन भएको छ।



बनौ स्वास्थ्य चौकी, पर्बतको आयोजनामा जलजला गाउँपालिका वार्ड न ९ मा रहेको शान्ती आमा समूह पातलमा नसर्ने रोग सम्बन्धि स्वास्थ्य शिक्षा कार्यक्रम महिला सामुदायिक स्वस्थ्य स्वयमसेविका प्रेम कुमारी फकामी थापाले संचालन गर्नुभएको छ।




**निशुल्क एम्बुलेन्स सेवाका लागि १०२ मा फोन गर्नुहोस।**



पाङराङ स्वास्थ्य चौकी, पर्बतको आयोजनामा राष्ट्रिय खोप अभियान आई.पि.भि अन्तर्गतको खोप कार्यक्रम संचालन भएको छ।



भच्चेक अस्पताल, गोरखाको आयोजनामा राष्ट्रिय खोप अभियान आई.पि.भि अन्तर्गतको खोप कार्यक्रम संचालन भएको छ।



स्वास्थ्य तालिम केन्द्र, गण्डकी प्रदेश पोखराको आयोजनामा स्वास्थ्यकर्मीहरुको लागि एचआईभी र मानव अधिकार तथा मेडिकल इथिक्स सम्वन्धित ३ दिने तालिम संचालन भएको छ।



गोरखा अस्पतालको आयोजनामा आरुघाट ८, गोरखामा रहेको आरुघाट आधारभूत अस्पतालका स्वास्थ्यकर्मीहरू र स्थानीय सुरक्षाकर्मीहरुलाई एकद्वार संकट व्यवस्थापन केन्द्र र लैङ्गिक हिंसा सम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रमको सहजीकरण मेडिकल अधिकृत डाक्टर युवराज अधिकारी सहितको नेतृत्वमा सम्पन्न भएको थियो।

# साप्ताहिक समाचारपत्रिका

अंक १९५, वर्ष ६, २०८१ जेष्ठ २०, June 2, 2024 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल




बागलुङ जिल्लामा संचालन हुन भईरहेको आई.पि.भी. खोप अभियान 2080/81 को शुभारम्भ कार्यक्रम सम्पन्न भएको छ। बागलुङ नगरपालिकाका नगर प्रमुख बसन्त कुमार श्रेष्ठको अध्यक्षता एवं जिल्ला समन्वय समितिका प्रमुख तथा जिल्ला खोप समन्वय समितिका संयोजक अमर बहादुर थापाज्यूको प्रमुख आतिथ्यतामा संचालित उक्त कार्यक्रममा संयुक्त रुपमा अध्यक्ष बसन्त कुमार श्रेष्ठ र प्रमुख अतिथि अमर बहादुर थापाले सेवाग्राहीलाई खोप कार्ड हस्तान्तरण गरी बागलुङ नगरपालिका वडा नं. २ को श्री रुद्रेपिपल माध्यामिक विधालयमा रहेको खोप केन्द्रबाट बागलुङ जिल्लामा पोलियो रोग विरुद्वको आई.पि.भी. खोप अभियानको शुभारम्भ गर्नुभएको छ। उक्त कार्यक्रममा जिल्ला समन्वय समितिका समन्वय अधिकारी, स्वास्थ्य कार्यालय बागलुङका निमित्त प्रमुख घनश्याम सापकोटा, बागलुङ नगरपालिका वार्ड नं. २ का अध्यक्ष सुरज बोसेल, श्री रुद्रेपिपल मा.वि. व्यवस्थापन समिति अध्यक्ष कमल बोहोरा, प्रधानाध्यपक राजेश श्रेष्ठ, प्रदेश स्वास्थ्य निर्देशनालय गण्डकी प्रदेशका तथ्याङ्क अधिकृत टिकारम शर्मा, बागलुङ नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख राम प्रसाद खनाल लगायत सम्पूर्ण टिम, स्वास्थ्य कार्यालय बागलुङको सम्पूर्ण टिम लगायत सञ्चारकर्मी, शिक्षक, स्वास्थ्यकर्मी एवं अभिभावकहरु लगायत सरोकारवालाहरुको विशेष उपस्थिति रहेको थियो। शुभारम्भ कार्यक्रमको संचालन बागलुङ नगरपालिकाका खोप फोकल पर्सन डिल्ली प्रसाद आचार्यले गर्नुभएको थियोभने कार्यक्रममा स्वागत एवं अभियानको उद्देश्यको बारेमा स्वास्थ्य कार्यालय बागलुङका खोप सुपरभाइजर राजु खत्रीले जानकारी गराउनुभएको थियो।



जलजला गाउँपालिका, पर्वत स्वास्थ्य शाखाको आयोजनामा बनौं स्वास्थ्य चौकीको न्यूनतम सेवा मापदण्डको चौथो अनुगमन कार्यक्रम सम्पन्न भएको छ।जसमा संस्थाको अघिल्लो प्राप्ताङ्क ६७ % बाट बढेर ७५ % मा पुग्न सफल भएको छ।

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १९५, वर्ष ६, २०८१ जेष्ठ २०, June 2, 2024 आइतबार




मादी गाउँपालिका वडा न.-१ अन्तर्गतका बिधालयहरुमा आ.व.२०८०/२०८१ को दोश्रो चरणमा बिद्यालय अध्यनरत छात्रा १६३ जना र छात्र १४३ गरि जम्म ३०६ जना विद्यार्थीहरुलाइ जुकाको औषधि खुवाउने कार्यक्रम सम्पन्न भएको छ।




**निशुल्क एम्बुलेन्स सेवाका लागि १०२ मा फोन गर्नुहोस।**

पोलियो रोगबाट बच्न मुखबाट खुवाइने ओ. पि. भी. र सूईबाट दिइने आई. पि. भी. खोप दुबै लगाउनुपर्छ। त्यसैले २०७३ साल बैशाख देखि २०७५ साल असोज महिनासम्म जन्मिएका बालबालिकालाई नजिकैको विध्यालयमा रहेको खोप केन्द्रमा लगी यो खोप लगाउनु हुन अनुरोध छ। खोप केन्द्र र खोप अभियान सञ्चालन हुने मिति बारे विध्यालय वा स्वास्थ्य संस्थामा सम्पर्क गरेर थाहा पाउन सकिने छ। थप जानकारीको लागि पैसा नलाग्ने नम्बर १११५ मा सम्पर्क गर्न अनुरोध छ।



नवलपरासी पूर्वका सबजसो स्थानहरुमा राष्ट्रिय खोप अभियान आई.पि.भि अन्तर्गतको खोप कार्यक्रम संचालन भएको छ।



पिपलटारी स्वास्थ्य चौकी, पर्बतको आयोजनामा महिला सामुदायिक स्वास्थ स्वयम् सेबिकाको लागी MMDP कार्यक्रम सम्पन्न भएको छ।

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १९५, वर्ष ६, २०८१ जेष्ठ २०, June 2, 2024 आइतबार




राखुभगवती स्वास्थ्य चौकी, म्याग्दीको आयोजनामा राष्ट्रिय खोप अभियान आई.पि.भि अन्तर्गतको खोप कार्यक्रम संचालन भएको छ।



महेन्द्रोदय प्रा.बि र बाल विद्याश्रम प्रा.बि. फलेबास नगरपालिका, कुर्घा स्वास्थ्य चौकी, पर्बतमा राष्ट्रिय खोप अभियान आई.पि.भि अन्तर्गतको खोप कार्यक्रम संचालन भएको छ।



काठेखोला गाउँ पालिका वडा न ७ रेश नुन्थला मा.वि., बाग्लुङ्गमा राष्ट्रिय खोप अभियान आई.पि.भि अन्तर्गतको खोप कार्यक्रम संचालन भएको छ।



मंगला गाउँपालिका, म्याग्दीको वडा नं ३ मा अवस्थित पखेर आधारभुत विधालयबाट पोलियो रोग विरुद्धको आई.पि.भी. खोप अभियान शुभारम्भ भएको छ।

# साप्ताहिक समाचारपत्रिका

अंक १९५, वर्ष ६, २०८१ जेष्ठ २०, June 2, 2024 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल




स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशकको आयोजनामा अस्पताल सुदृढीकरण कार्यक्रम अन्तर्गतको न्यूनतम सेवा मापदण्ड (MSS) को छैठौं फलोअपको मूल्यांकन कार्यक्रम सुन्दरबजार अस्पताल, लमजुङ्गमा सञ्चालन भएको छ। विविध कारणले स्थगित भएको कार्यक्रम अन्तर्गतको प्रस्तुतिकरण पालिका प्रमुखको उपस्थितिमा केही दिनपछि सञ्चालन हुनेछ।



जिल्ला समन्वय समिति बागलुङका अध्यक्ष प्रमुख प्रसासकिय अधिकृत, स्वास्थ्य कार्यालय, बागलुङ, स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेश पोखराका तथ्यांक अधिकृत र काठेखोला गाउँपालिका स्वास्थ्य शाखा लगायत सम्पूर्ण टिमहरूको उपस्थितिमा तंग्राम स्वास्थ्य चौकीको अनुगमन तथा सुपरिवेक्षण सम्पन्न भएको छ।




श्री जनकल्याण माध्यमिक बिधालय, गुर्जा, म्याग्दीमा राष्ट्रिय खोप अभियान आई.पि.भि अन्तर्गतको खोप कार्यक्रम संचालन भएको छ।



जाइका पाट्नर्सिप प्रोग्रामद्वारा संचालित मातृशिशु स्वास्थ्यका लागि अबिछिन्न हेरचाह परियोजना अन्तर्गत महिला सामुदायिक स्वास्थ्य स्वयंसेवकहरूलाई स्तरीय दुई दिने COC (Continuum of Care) in Maternal and Child Health तालिम भलाम स्वास्थ्य चौकीको तालिम हलमा सम्पन्न भएको छ।

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १९५, वर्ष ६, २०८१ जेष्ठ २०, June 2, 2024 आइतबार




स्वास्थ्य कार्यालय, पर्वतको आयोजनामा अन्तराष्ट्रिय महिनावारी स्वच्छता ब्यबस्थापन दिवस (28 May, 2024) को अवसरमा कुश्मा नगरपालिका स्थित श्री नारायण नमूना मा.वि पर्वतमा आधारभूत स्वास्थ्य सेवा केन्द्र -४ छमर्के द्वारा महिनावारी स्वच्छता व्यवस्थापन सम्बन्धी स्वास्थ्य शिक्षा कार्यक्रम संचालन भएको छ।



अजिरकोट गाउँपालिका, गोरखाको आयोजनामा गणतन्त्र दिवसको उपलक्ष्यमा विभिन्न विधामा उत्कृष्ट व्यक्ति स्वास्थ्य शाखामा कार्यरत स्टाफ नर्स सरस्वती बोहरा र संस्थाहरुलाई सम्मान कार्यक्रममा पालिका भरिका स्वास्थ्य सस्था मध्ये उत्कृष्ट भच्चेक आधारभूत अस्पताललाई सम्मान गरिएको छ।



मुस्ताङ अस्पतालमा कार्यरत डाक्टर शिशिर पौडेलको बिदाइ तथा फेरि भेटौला कार्यक्रम संचालन भएको छ।



विहादी गाँउपालिका वडा नं ५ उरामपोखरा स्वास्थ्य चौकीमा अहेब पदमा कार्यरत बिनोद बटालाले स्वेच्छिक राजिनामा गरि बिदाई लिनुभएको छ।

**योग किन गर्ने :**

- मन र शरीर तथा विचार र कार्यको एकतालाई मूर्त रूप दिन।
- दैनिक जीवनमा सन्तुलित मनोवृत्ति कायम राख्न।
- रोग प्रतिरोधात्मक क्षमता सुधार गर्न।
- मुटुरोग, मधुमेह, क्यान्सर जस्ता नसर्ने रोगहरुको जोखिम कम गर्न।
- मानसिक तनाव कम गर्न।

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १९५, वर्ष ६, २०८१ जेष्ठ २०, June 2, 2024 आइतबार




पोखरा महानगरपालिका पूर्ण खोप सुनिश्चितता दिगोपना घोषणा गरिएको छ। महानगर क्षेत्रमा रहेका जन्मदेखि ५९ महिनासम्मका २९ हजार ३११ बालबालिकालाई घर मै पुगेर पूर्ण खोप लगाएको सुनिश्चित गरेपछि नगरप्रमुख धनराज आचार्यले मङ्गलवार एक कार्यक्रमका बिच उक्त घोषणा गर्नुभएको हो । स्वास्थ्य सेवा विभाग अन्तरगतको स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीका अनुसार पोखरा महानगरपालिका भित्रका जन्मदेखि ११ महिनासम्ममा ५ हजार ९१३ बालबालिकाहरूलाई पेन्टा पहिलो र ९५ प्रतिशत बालबालिकाले दादुरा रुवेला दोस्रो खोप प्राप्त गरेका छन् । जन्मदेखि ५९ महिनासम्मका २९ हजार ३११ बालबालिकालाई घर मै पुगेर पूर्ण खोप लगाएको सुनिश्चित गरिएको छ । यस क्रममा खोपको कुनै पनि मात्रा प्राप्त नगरेका ४ जना र १३२ जना आंशिक खोप प्राप्त गरेका बालबालिकाहरू समेत नियमित खोप सेसन र आकस्मिक खोप सेसनमा समावेश गरी पूर्ण खोप प्रदान गरिएको छ ।



शालिग्राम स्वास्थ्य चौकी, पर्वतको आयोजनामा अन्तराष्ट्रिय महिनावारी स्वच्छता ब्यबस्थापन दिवस (28 May, 2024) को अवसर पारि विहादी गाँउपालिका स्थित श्री शालिग्राम मा.वि मा महिनावारी स्वच्छता व्यवस्थापन सम्बन्धी स्वास्थ्य शिक्षा कार्यक्रम संचालन भएको छ।



गलकोट नगरपालिका, बाग्लुङ्गको आयोजनामा दुदिलाभाटी स्वास्थ्य चौकी, बाग्लुङ्गमा १७ औं गणतन्त्र दिवस २०८१ को अवसरमा २ दिने नसर्ने रोगको नि शुल्क स्क्रिनिङ तथा विशेषज्ञ स्वास्थ्य शिविर नगर प्रमुख भरत शर्मा गैरेको प्रमुख आतिथ्यतामा सम्पन्न भएको छ।

**दादुरा संक्रमित बालबालिकालाई साविक भन्दा बढी पोषिलो खानेकुरा खुवाउने गरौ। दादुरा भएका प्रत्येक बालबालिकालाई स्वास्थ्यकर्मीको सल्लाह अनुसार भिटामिन ए खुवाउनु पर्दछ।**



**निशुल्क एम्बुलेन्स सेवाका लागि १०२ मा फोन गर्नुहोस।**

**योग किन गर्ने :**

- मन र शरीर तथा विचार र कार्यको एकतालाई मूर्त रूप दिन ।
- दैनिक जीवनमा सन्तुलित मनोवृत्ति कायम राख्न ।
- रोग प्रतिरोधात्मक क्षमता सुधार गर्न ।
- मुटुरोग, मधुमेह, क्यान्सर जस्ता नसर्ने रोगहरुको जोखिम  कम गर्न ।
- मानसिक तनाव कम गर्न ।

# साप्ताहिक समाचारपत्रिका

अंक १९५, वर्ष ६, २०८१ जेष्ठ २०, June 2, 2024 आइतबार

गण्डकी प्रदेश सरकार

सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय

**स्वास्थ्य निर्देशनालय**

पोखरा, नेपाल




बुलिङ्टार गाउँपालिकाको सिन्चाङ र भोजपोखरी गाउँमा टि.बि. स्कृनिङ क्याम्प संचालन भएको छ।



जलजला गाउँपालिका, पर्बतको आयोजनामा शालिजा स्वास्थ्य चौकिको न्युनत्तम सेवा मापदण्ड कार्यक्रमको चौथो मुल्यांकन सम्पन्न भएको छ। सो मुल्यांकनमा शालिजा स्वास्थ्य चौकि ६४% बाट ७१% ल्याउन सफल भएको छ।

**योग किन गर्ने :**

- मन र शरीर तथा विचार र कार्यको एकतालाई मूर्त रूप दिन।
- दैनिक जीवनमा सन्तुलित मनोवृत्ति कायम राख्न।
- रोग प्रतिरोधात्मक क्षमता सुधार गर्न।
- मुटुरोग, मधुमेह, क्यान्सर जस्ता नसर्ने रोगहरुको जोखिम कम गर्न।
- मानसिक तनाव कम गर्न।



सिक्लेस स्वास्थ्य चौकी, कास्कीको आयोजनामा घर घरमा जेष्ठ नागरिक सेवा कार्यक्रम संचालन भएको छ।



गणतन्त्र दिवसको अवसरमा गण्डकी प्रदेश सरकारले बागलुङ जिल्लाका प्रदेश कार्यालयहरू मध्येबाट नमुना कार्यालयको रुपमा छनोट भई पुरस्कृत भएको छ।

# साप्ताहिक समाचारपत्रिका

अंक १९५, वर्ष ६, २०८१ जेष्ठ २०, June 2, 2024 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल




धौलागिरी  आयुर्वेद औषधालय, बागलुङ र नागरिक आरोग्य समिती, ताराखोला गाउँपालिकाको आयोजनामा ताराखोला गाउँपालिका स्वास्थ्य शाखा, नागरिक आरोग्य समूह वडा नम्बर-२, नागरिक आरोग्य सेवा केन्द्र, ताराखोला गाउँपालिकाको स्थानीय सम्योजन एवं व्यवस्थापनमा ताराखोला गाउँपालिका, अमरभुमिमा स्थानीय नागरिक आरोग्य समितिका अध्यक्ष भीम बहादुर रोकाको अध्यक्षता र गाउँपालिका अध्यक्ष धन बहादुर बि.क.को प्रमुख आतिथ्यता वडा नम्बर एकका वडा अध्यक्ष लगायत जनप्रतिनिधिहरूको आतिथ्यतामा नागरिक आरोग्य अभियान सम्पन्न भएको छ। कार्यक्रममा उपस्थित ५३ जना स्थानीय जनप्रतिनिधी, कर्मचारी, स्वयंसेविका र सहभागीलाइ स्वस्थकर जीवनशैली सम्बन्धी अभिमुखीकरण सहित आयुर्वेद सेवा, योग र प्रणायामको महत्त्व सम्बन्धी अभिमुखीकरण कार्यालय प्रमुख डाक्टर शरद पन्थी  सहित डाक्टर महेश अर्यालले प्रदान गर्नुभएको थियो ।साथै डाक्टर कमल बिक्रम पौडेल, ल्याब टेक्निसियन मनोज भुसाल सहित स्वास्थ्यकर्मीको समूहले जेष्ठ नागरिक आरोग्य सेवा कार्यक्रम अन्तर्गत ८७ जना सहभागीको रक्तचाप मापन, स्वास्थ्य परीक्षण, रगतमा चिनीको मात्राको जाँच सहित स्वास्थ्य परामर्श एवं आयुर्वेद रसायन औषधीहरू प्रदान गरिएको थियो। अधिकांश बिरामीमा उच्च रक्तचाप र जोर्नी सम्बन्धी समस्या भेटिएको थियो। कार्यक्रममा आवश्यक प्राविधिक सहयोग पालिका स्वास्थ्य संयोजक उदित थापा, आयोग्य केन्द्र प्रमुख निरा चौधरी र अमरभुमि स्वास्थ्य चौकीका स्वास्थ्यकर्मीहरूले गर्नुभएको थियो।



बारपाक स्वास्थ्य चौकी, गोरखाको आयोजनामा महिनावारी स्वच्छता दिवसको अबशरमा हिमालय माद्यमिक विद्यालयको कक्षा ८, ९ र १० का विद्यार्थीहरूलाइ महिनावारी स्वच्छता ब्यवस्थापन सम्बन्धित विषयमा स्वास्थ्य शिक्षा कार्यक्रम संचालन भएको छ।



गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
पोखरा, नेपाल

# साप्ताहिक समाचारपत्रिका

अंक १९५, वर्ष ६, २०८१ जेष्ठ २०, June 2, 2024 आइतबार



चुवा स्वास्थ्य चौकी, पर्वतको आयोजनामा हात्तिपाइले रोगीको खोज पड्ताल अभियान अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ।



स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशकाे आयोजनामा स्वास्थ्य कार्यक्रमहरुको एकीकृत अर्धबार्षिक समीक्षा पोखरामा शुरू भएको छ। कार्यक्रम विभिन्न चरणमा यही २२ गतेसम्म सञ्चालन हुनेछ।

**योग किन गर्ने :**

- मन र शरीर तथा विचार र कार्यको एकतालाई मूर्त रूप दिन ।
- दैनिक जीवनमा सन्तुलित मनोवृत्ति कायम राख्न ।
- रोग प्रतिरोधात्मक क्षमता सुधार गर्न ।
- मुटुरोग, मधुमेह, क्यान्सर जस्ता नसर्ने रोगहरुको जोखिम कम गर्न ।
- मानसिक तनाव कम गर्न ।



स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशको आयोजनामा कास्की र बाग्लुङ्ग जिल्लामा अबस्थित लुम्ले आयुर्वेद औषधालय र स्वास्थ्य ईकाई, धौलागिरी अस्पतालको खोप केन्द्र, धौलागिरी आयुर्वेद औषधालय, स्वास्थ्य कार्यालय, बागलुङ र मानव सेवा आश्रम, बागलुङको एकीकृत अनुगमन सम्पन्न भएको छ। मानसिक स्वास्थ्यसँग सम्बन्धित आयुर्वेद सेवा कार्यक्रमहरु, IPV खोप, मानसिक स्वास्थ्य, नर्सिङ कार्यक्रम लगायतका बिबिध पक्षहरुको एकिकृत अनुगमन सम्पन्न भएको छ। कार्यक्रममा स्वास्थ्य निर्देशनालयका नबराज शर्मा, उर्मिला बराल, मन कुमारी ओझा र WHO/ मानसिक स्वास्थ्य कार्यक्रम संयोजक डाक्टर पोषण न्यौपानेको उपस्थिती रहेको थियो।




# साप्ताहिक समाचारपत्रिका

अंक १९५, वर्ष ६, २०८१ जेष्ठ २०, June 2, 2024 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल




नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, काठमाडौँले प्रदान गर्ने "Health Minister Bloomberg Public Health Award 2024" बाट सम्मानित हुनुभएकोमा सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेशका सचिव डाक्टर बिनोद विन्दु शर्मालाई हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं।










गण्डकी प्रदेशको २२ महिनाको DHIS-2 मा भएको रिपोर्टिङ दर (Reporting rate)




आफ्नो बाबुनानीहरुलाई सबै खोपको मात्रा पुरा गराऔं!!






टुकुचे स्वास्थ्य चौकी, मुस्ताङ्गको आयोजनामा त्यस संस्थामा कार्यरत रेशम बोहराको बिदाई तथा फेरि भेटौला कार्यक्रम संचालन भएको छ।

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १९५, वर्ष ६, २०८१ जेष्ठ २०, June 2, 2024 आइतबार





यहि जेठ १३ गते देखि २६ गतेसम्म देशभरी बालबालिकालाई पोलियो रोग विरुद्धको आई. पि. भी. खोप दिइने बारे सूचना:- पोलियो रोगबाट बच्न मुखबाट खुवाइने ओ. पि. भी. र सूईबाट दिइने आई. पि. भी. खोप दुबै लगाउनुपर्छ। त्यसैले २०७३ साल बैशाख देखि २०७५ साल असोज महिनासम्म जन्मिएका बालबालिकालाई नजिकैको विध्यालयमा रहेको खोप केन्द्रमा लगी यो खोप लगाउनु हुन अनुरोध छ। खोप केन्द्र र खोप अभियान सञ्चालन हुने मिति बारे विध्यालय वा स्वास्थ्य संस्थामा सम्पर्क गरेर थाहा पाउन सकिने छ। थप जानकारीको लागि पैसा नलाग्ने नम्बर ११११५ मा सम्पर्क गर्न अनुरोध छ।

**निशुल्क एम्बुलेन्स सेवाका लागि १०२ मा फोन गर्नुहोस।**




गण्डकी प्रदेश सरकार, सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयका नवनियुक्त माननीय मन्त्री विन्दु कुमार थापाज्यूको स्वागत कार्यक्रम सम्पन्न भएको छ । उक्त कार्यक्रममा मन्त्रालयका सचिव डा विनोद विन्दु शर्माले मन्त्रालय र मातहतका कार्यालयहरूको मौजुदा अवस्था, विनियोजित कार्यक्रमको प्रगतिको अवस्था सम्बन्धी प्रस्तुतीकरण गर्नुभएको थियो।




जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, लमजुङको आयोजनामा सुन्दरबजार नगरपालिकाको कार्यालयमा त्यस पालिकाका कर्मचारीलाई "कर्पोरेट योग कार्यक्रम" सम्पन्न भएको छ। कार्यक्रम कार्यालय प्रमुख डाक्टर उत्सव पौडेलको अध्यक्षता तथा सुन्दरबजार नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत शिशिर पौडेलको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो।

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल


अंक १९५, वर्ष ६, २०८१ जेष्ठ २०, June 2, 2024 आइतबार




दगातुन्डाडा स्वास्थ्य चौकी, बाग्लुङ्गमा सुत्केरी सेवा चौबिसै घण्टा उपलब्ध छ।



दर्लिङ स्वास्थ्य चौकि, बाग्लुङ्गको आयोजनामा पोषण मैत्री नमूना गाउँपालिका कार्यक्रम अन्तर्गत श्री मालारानि प्रा.वि. मा जुकाको औषधि र जङक फुट न्युनिकण सम्बन्धी शिक्षक, अभिभावक र विद्यार्थीहरु बिच अन्तरकृयात्मक कार्यक्रम संचालन भएको छ ।






स्याङ्जा अस्पताल, स्याङ्जाको २४ औ स्थापना दिवसको अवसरमा अस्पतालको सरसफाइ, वृक्षारोपण तथा फलफूल वितरण कार्यक्रम संचालन भएको छ।



स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशको आयोजनामा स्वास्थ्य कार्यक्रमहरुको एकीकृत अर्धबार्षिक समीक्षा पोखरामा संचालन भएको छ। दोस्रो दिन पोषण कार्यक्रम र संक्रामक रोगहरूको द्रुत सूचनाका लागि EWARS को समीक्षा सञ्चालन भएको छ। कार्यक्रममा स्वास्थ्य कार्यालय प्रमुखहरु, कार्यक्रम फोकल पर्सनहरु, गण्डकी प्रदेश मातहतका सबै अस्पतालका मेसूहरु र मेडिकल रेकर्डरहरुको उपस्थिति रहेको छ।



# साप्ताहिक समाचारपत्रिका

अंक १९५, वर्ष ६, २०८१ जेष्ठ २०, June 2, 2024 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल




अन्नपूर्ण गाउँपालिका, म्याग्दीको आयोजनामा वडा नं ५, शिख स्वास्थ्य चौकी र वडा नं १, दोवा स्वास्थ्य चौकीमा महिला रोगसम्बन्धि पाठेघरको मुखको क्यान्सर र स्तन क्यान्सरको बारेमा स्वास्थ्य शिक्षा कार्यक्रम संचालनका साथै पाठेघरको मुखको क्यान्सर परीक्षण [VIA] तथा उपचार स्क्रिनिङ शिवीर सम्पन्न भएको छ।



मोदि गाउपालिका, पर्वतका क्रमश वडा नं ६ तिलाहार स्वास्थ्य चौकि, वडा नं ७ राम्जा देउराली स्वास्थ्य चौकि, वडा नं ८ चित्रे स्वास्थ्य चौकि अन्तर्गत रहनुभएका सामुदायिक महिला स्वास्थ्य स्वयं सेबिकाहरुको ४ दिने पुर्नरताजकी तालिम मोदि गाउपालिका वडा नं ६ का वडा अध्यक्ष दिपेन्द्र लामिछानेको अध्यक्षतामा तिलाहार स्वास्थ्य चौकिमा कार्यक्रम संचालन भएको छ।



आधारभूत स्वास्थ्य सेवा केन्द्र खर्बाङ, बाग्लुङ्गको आयोजनामा हरेक शुक्रबार नियमित कार्यालय सरसफाई कार्यक्रम संचालन भएको छ।




**निशुल्क एम्बुलेन्स सेवाका लागि १०२ मा फोन गर्नुहोस।**


**सम्पादक**

नवराज शर्मा

वरिष्ठ स्वास्थ्य शिक्षा अधिकृत/सूचना अधिकारी
स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेश
(गुनासो तथा सुझावका लागि)
https://hd.gandaki.gov.np/feedback
bhumari80@gmail.com